'थाहा नगरको आधार, कृषि, पर्यटन र पूर्वाधार'

# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इन्द्रायणी चौर, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्या : ०७८/०७९

शाखा/उपशाखा/इकाई :

चलानी नं. १६६

मिति: २०७८/०४/१३

### कोटेशन आव्हान सम्बन्धमा !

पुन: सूचना प्रकाशित मिति : २०७८/०४/१३

यस थाहा नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत बजेट बमोजिम यस पालिकाले संचालन गरेका विभिन्न योजना, कार्यक्रम तथा सेवा प्रवाह र असल अभ्यासहरु समेटिएको रेडियो कार्यक्रम (सम्बृद्ध थाहानगर) उत्पादनका लागि संलग्न TOR बमोजिम कार्यक्रम उत्पादन गर्न चाहने इच्छुक फर्म/कम्पनी तथा संस्थाहरुले आफ्नो फर्म/कम्पनी तथा संस्था यस पालिकामा सूचीकृत गराई आफूले कार्यक्रम उत्पादन गर्न सक्ने मूल्य सूची सहित सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र यस थाहा नगरपालिकामा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१. आधिकारिक निवेदन र मूल्यसूची सहितको TOR प्रस्ताव ।

२. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी ।

३. संस्था वा फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको उद्देश्य खुल्ने प्रतिलिपी ।

४. स्थानीय तहमा व्यवसाय दर्ता तथा नविकरणको प्रतिलिपी ।

अजित घिमिरे

(नि. प्रमुख प्रशासकीय अधिकृत)

निमित प्रमुख प्रशासकिय अधिकृत

### १.१ पृष्ठभूमिः

थाहा नगरपालिका मध्य नेपालमा पर्ने मकवानपुर जिल्लाको दोस्रो नगरपालिका हो । नेपालको संविधान, २०७२ ले व्यबस्था गरे बमोजिम स्थानीय तहहरुको संस्थागत प्रशासकीय एवं मानवीय क्षमतालाई अभिबृद्धि गरी स्थानीय सरकार सरकार संचालन ऐन २०७४ भएका व्यबस्था, सिद्धान्त र नीतिहरुको कार्यान्वयन गर्नु पर्दछ ।

पालिकाले गरेका कार्यहरुलाई र नागरिकलाई पालिकाले दिने सेवा प्रवाहको विषयमा सहजै जानकारी दिनू पर्दछ । हालको अवस्थामा नागरिकहरुको सहज पहुँचका लागि स्थानीय रेडियोहरु मार्फत ति कुराहरुलाई सार्वजनिकीकरण गर्नु प्रवाहकारी हुन आउँछ । रेडियो सरल, सहज र निरक्षर नागरिकहरुका लागि समेत प्रभावकारी हुने भएकोले यस संचार माध्यमलाई अवलम्बन गरिएको हो ।

### १.२ अध्ययन कार्यक्रमको उद्देश्यः

थाहा नगरपालिकाले गरेको योजना, कार्यक्रमको प्रभावकारिता, असल अभ्यास र नागरिकहरुको सार्वजनिक गुनासो समावेश गरी पालिकाले गरेको कामको नागरिकलाई थाहा दिने र नागरिकको गुनासो समेटी गुनासो समाधान गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन तपसिल बमोजिमको उद्देश्य रहेको छ ।

<u>तपसिलः</u>

- गाउँ वरपरका घटना, परिवेश, धार्मिक, साँकृतिक, ऐतिहासिक, आर्थिक, सामाजिक, शैक्षिक, भौगोलिक तथा विविध पक्षको विकास, शसक्तीकरण र नगरले संचालन गरेका कार्यक्रमहरुको विषयमा नागरिकहरुलाई जानकारी गराउनु,
- मौलिक संस्कृतिको संरक्षण र संबर्धन गर्दै स्वस्थ संस्कृतितर्फ डोऱ्याउनु,
- समुदायलाई सूचनाको मालिक बनाई मौलिक र मानवाधिकार, विकेन्द्रीकरण, स्थानीय शासन, नीति निर्माण र कार्यान्वयनमा जनसहभागितामा जोड दिनु,
- ग्रामीण जनतामा आत्मसम्मान, स्वाभिमान र आत्मपहिचानको भावना बढाउनु,
- युवा शक्तिलाई विकृत हुनबाट रोकी रचनात्मक कार्यतर्फ उन्मुख गराउनु,
- महिला सशक्तिकरण, लैङ्गिक समानता, बालअधिकार जस्ता विषयमा वकालत गर्नु,
- शिक्षा, वन, कृषि, वातावरण र जनसंख्या सम्बन्धी विशेष कार्यक्रमद्वारा जनचेतनाको अभिवृद्धि गर्न,
- विकासका निम्ति संचार भन्ने नीतिबाट सकारात्मक सन्देश समुदायमा पुऱ्याई विकासमा अग्रसर गराउनु,
- थाहा नगरपालिका र समुदायबीच दोहोरो प्रणालीको विकास गर्नु,
- आधुनिक कृषि-प्रविधि, पशुपालन र आयआर्जनका विकल्पहरुलाई जनतासम्म पुऱ्याउनु,
- सरकार, स्थानीय निकाय र समुदायवीच पुलको काम गर्नु,
- स्थानीय, भाषा, कला, प्रतिभा, स्थानीयपन र गौरवको संरक्षण, विकास र प्रचारप्रसार गर्नु,
- समुन्नत, शान्तिपूर्ण समाजको स्थापनामा टेवा पुऱ्याउनु ।

### १.३. 'सम्वृद्ध थाहानगर' कार्यक्रममा समावेश गरिने सामग्रीहरु

- नगरपालिकाको भए/गरेका विविध गतिविधिहरु,
- स्थानीय तहको नीति नियमबारे जानकारीहरु,

- नगरपालिकाबाट प्रशारण हुने सूचनाहरु,
- नगरपालिकाले संचालन गरेका विविध योजना, कार्यक्रमहरु, तिनको प्रक्रिया तथा प्रभावका बारेमा विविध सामग्रीहरु
- विविध ।

### १.४. विधाहरु

निम्न विधाहरुमा आधारित रहेर कार्यक्रम तयार पारिनेछ ।

- अन्तरवार्ता
- नगर गतिविधि
- रिपोर्ट, फिचर
- सूचना तथा सन्देशहरु

### १.५. अपेक्षित उपलब्धीः

- समुदायमा नगरपालिकाको विकास निर्माण गतिविधिमा वृद्धि हुनेछ ।
- नगरपालिकाको पारदर्शिताको उदाहरण पेश हुनेछ ।
- सरोकारवालाहरुले स्थानीय तहको नीति, नियमका बारेमा जानकारी पाउनेछन् ।
- नगरपालिकाले गरेका कामकाज सम्बन्धी सोकारवालाहरुले जानकारी पाई विविध गतिविधिहरुबारे सुसुचित हुनेछन् ।

### १.६ लागत अनुमानः

| क्र.सं. | विवरण | अनुमानित लागत (अंक) | अनुमानित लागत अक्षरमा |
|---|---|---|---|
| १. | फिल्ड रिपोटिङ | | |
| २. | स्टुडियो | | |
| ३. | जनशक्ती | | |
| ४. | कार्यक्रम उत्पादन | | |
| ५. | संचार | | |
| ६. | इन्धन | | |
| ७. | विविध | | |
| एउटा रेडियो कार्यक्रमको जम्मा लागत | | | |

*यस परियोजनाको कुल स्वीकृत रकम रु.२,५०,००० /- (दुई लाख पचास हजार) मात्र रहेको छ । सम्झौता प्रति कार्यक्रमका दरले हुनेछ ।*

धन्यवाद ।